केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ ५० ⁄ ०६५ ⁄ ६६ मितिः २०६६ ⁄ ०३ ⁄ १४

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु ⁄ गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ९(२) को प्रयोजनको लागि यस बैंकको पत्र संख्याः बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ २४ ⁄ ०६४ ⁄ ६५ मिति २०६४ ⁄ १० ⁄ ८ मा इजाजतपत्रप्राप्त ("क", "ख" र "ग" वर्गका) बैंक तथा वित्तीय संस्थाहरुलाई जारी परिपत्रमा उल्लेखित व्यवस्थाको पालना गरी इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त विकास बैंकहरुले समेत ५१ प्रतिशतभन्दा बढी संस्थापक समूहको शेयर स्वामित्व रहेको भएमा त्यस्ता संस्थाका संस्थापक शेयरधनीहरुले चाहेमा संस्थापक समूहको शेयर स्वामित्व कम्तिमा ५१ प्रतिशत कायम रहने गरी बांकी शेयर सर्वसाधारण शेयर सरह दोस्रो पूँजीबजार (Secondary Capital Market) मार्फत कारोवार गर्न सक्ने।

२. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले विशुद्ध जलविद्युत परियोजना, विद्युत प्रशारण लाइन (Transmission Line) र केवलकार निर्माण सम्बन्धि परियोजनाहरुमा लगानी गर्दा मात्र विद्यमान २५ प्रतिशतको एकल ग्राहक कर्जा सीमालाई वृद्धि गरी कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पूँजीको बढीमा ५० प्रतिशतसम्म लगानी सीमा कायम गर्ने विद्यमान नीतिगत व्यवस्था रहेको तर विद्यमान ग्राहकले विद्युत परियोजनामा लगानी गर्न चाहेमा कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी थप २५ प्रतिशतसम्म मात्र कर्जा ⁄ सुविधा प्रवाह गर्न सकिने छ। (*उदाहरणको लागिः विशुद्ध जलविद्युत परियोजना ⁄ विद्युत प्रशारण लाइन ⁄ केवलकार परियोजनामा जम्मा सुविधाको १० प्रतिशत मात्र लगानी गरी बाँकी ४० प्रतिशत अन्यमा लगानी गर्न नपाइने*)। कथंकदाचित, गैर जलविद्युत ⁄ विद्युत प्रशारण लाइन ⁄ केवलकार परियोजनामा तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा सीमा नाघेको रकम बराबरको कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने।

३. इजाजतपत्रप्राप्त बैंक ⁄ वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरुले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित कानून बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था गरी चुक्ता पूँजीको १ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा सम्बन्धित बैंक ⁄ वित्तीय संस्थाले देहायका शर्तको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने र १ प्रतिशतभन्दा माथि शेयर स्वामित्व भएकाको हकमा यस बैंकको पूर्व स्वीकृति लिई हक हस्तान्तरण गर्न सक्ने व्यवस्था कायम गरिएको छ।

   १. प्रस्तावित संस्थापक शेयरधनी यस बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीको लागि तोकिएको योग्यता (Fit & Proper Test) पूरा भएको हुनुपर्ने।
   २. कर्जा सूचना केन्द्रको कालोसूचीमा परेको हुन नहुने।
   ३. प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको श्रोत खुल्ने कागजात पेश गर्नुपर्ने।
   ४. हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरुबीचमा नै हुने भएमा यस बैंकबाट जारी निर्देशन अन्तरगत रही सम्बन्धित बैंक ⁄ वित्तीय संस्थाले नै गर्न सक्ने।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

४. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/४७/०६५/६६ मिति २०६६/२/२६ मा जारी परिपत्रको बुँदा नं. (१) र (३) मा उल्लेखित ने.रा.बैंक अनूसुची ४.३२ र ने.रा.बैंक अनूसुची ४.३३ लाई क्रमशः ने.रा.बैंक अनूसुची ४.३३ र ने.रा.बैंक अनूसुची ४.३४ नामांकन गर्ने तथा संलग्न अनूसुचीमा पनि सोही बमोजिम नामांकन गर्ने ।

५. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/२९/०६५/६६ मिति २०६५/१०/२२ मा जारी परिपत्रको अन्त्यमा देहाय बमोजिमको नीतिगत व्यवस्था थप गर्ने ।

*तर, प्रचलित कानून अनुसार अंशबण्डा भई छुट्टीई भिन्न बसेको लिखत प्रमाण पेश भएको अवस्थामा धितोपत्र खरीद वा बिक्री गर्न/गराउन, धितो बन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन/दिन र अन्य कुनै किसिमको लेनदेन गर्न/गराउन बाधा पुगेको मानिने छैन ।*

६. यस बैंकबाट इजाजतपत्रपत्रप्राप्त "ख" र "ग" वर्गका विकास बैंक तथा वित्त कम्पनीहरुले देहायको शर्तहरुको अधिनमा रही Automated Teller Machine राख्न सक्ने नीतिगत व्यवस्था कायम गरिएको छ ।
   १. पूर्वाधार तथा भुक्तानी प्रणालीको सुरक्षाको पूर्ण दायित्व सम्बन्धित संस्थाको नै हुने ।
   २. सेवा शुल्क सम्बन्धी व्यवस्था स्पष्टरुपमा प्रकाशित गर्नुपर्ने ।
   ३. यस बैंकबाट इजाजतपत्रप्राप्त ("ख", "ग" र "घ" वर्गका) संस्थाहरुलाई पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/७/०६२/६३ मिति २०६२/१२/३ मा जारी परिपत्रको खण्ड (ङ) अनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त बाणिज्य बैंकसंग सम्वद्धता कायम गरी सम्झौता गरेर सहायक एजेण्टको रुपमा यस्तो कार्य गर्न बाधा नपर्ने ।
   ४. राष्ट्रियस्तरका "ख" र "ग" वर्गका विकास बैंक र वित्त कम्पनी बाहेक अन्य विकास बैंक तथा वित्त कम्पनीहरुले आफ्नो स्वीकृत कार्यक्षेत्रमा सीमित रहने गरी आफ्ना ग्राहकहरुलाई मात्र सेवा प्रदान गर्न आफ्नै छुट्टै Automated Teller Machine राख्न सक्ने ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।